आज मिति २०८२ चैत महिना २५ गते मंगलबारका दिन राइनास नगरकार्यपालिकाको कार्यालयको हलमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको ८९ औं नियमित बैठक बसी निम्नानुसार निर्णय भयो।

**उपस्थिति :**

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| | नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री शिबराज रेग्मी | सचिव |

**आमन्त्रित /अन्य उपस्थिति :**

| | | |
|---|---|---|
| १ | [illegible] ब. नेपाली | |
| २ | विमला वाग्ले, प्र० प्र. | |
| ३ | जितेन्द्र रिमाल, ई | |
| | | |
| | | |
| | | |

## मिति २०८२/१२/२५ गतेको ८६ औं नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकका निर्णय कार्यान्वियनको अवस्था सम्बन्धमा।

२. *विशेष र समपुरक अनुदान कार्यक्रम प्रस्ताव सम्बन्धमा ।*

३. अव्यवस्थित बसोबासी भू– उपयोग सम्बन्धमा ।

४. अत्यावश्क औषधि खरिद सम्बन्धमा ।

५. नगर प्रमुख उत्कृष्ट कृषक सम्मान कार्यक्रम सम्बन्धमा ।

६. सार्वजनिक सुनुवाइ सम्बन्धमा ।

७. शिक्षा (शिक्षक दरबन्दी, दिवाखाजा, सामुदायिक विद्यालयमा पढाउने) सम्बन्धी।

८. टिमुरे वोराङखोला सडक आयोजना सम्बन्धमा ।

९. कर्मचारी तलबी प्रतिवेदन सम्बन्धमा ।

१०. विविध

**निर्णयहरु:**

**निर्णय नं.१:**

नगर कार्यपालिकाको अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन अबस्था बारे समीक्षा गरियो।

**निर्णय नं.२:**

गण्डकी प्रदेश सरकारद्वारा स्थानीय तहलाई प्रदान गरिने वित्तीय हस्तान्तरण अन्तर्गत आ.ब.०८३।०८४ को लागि **विशेष अनुदान तर्फ** (क) राइनास नगरपालिकाको एक घर एक धारा क्रमागत योजना (ख) आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं. १ र **समपुरक अनुदान तर्फ** (क्) राइनास नगरपालिका वडा नं ९ र १० वडा कार्यालय भवन निर्माण योजना (ख) कृषियोग्य जमिनमा कृषि सडक विस्तार योजना प्रस्ताव गर्ने।

**निर्णय नं.३:**

भूमि समस्या समाधान आयोग, जिल्ला समिति लमजुङको च.नं. २४ मिति २०८२/१२/२३ को पत्रबाट उक्त आयोगको कार्यविधि बमोजिम राइनास नगरपालिका भित्रका अव्यवस्थित बसोबासी निवेदकहरु ४६ जनाले सकारात्मक जग्गा आवाद कमोद गर्दै आइरहेको पाइएकोले आबश्यक कारवाहीका लागि सिफारिस गरिदिनुहुन भनी लेखिआएको । साथै च.नं. २५ मिति २०८२/१२/२३ को पत्रबाट यस नगरपालिकाका भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीहरुलाई विभिन्न ६ वटा कित्ता जग्गामा व्यबस्थापन गर्न सकिने देखिएकोले आवश्यक कारवाहीका लागि सिफारिस गरिदिनुहुन भनी लेखीआएको। प्रस्तुत विषयमा भूमि सम्बन्धी कानून लगायत प्रचलित नेपाल कानून वमोजिम नियमानुसार आवश्यक प्रक्रिया अगाडि बढाउन सो आयोगलाई सिफारिस गर्ने।

खड्ग बहादुर गुरुङ्ग
नगर प्रमुख

**निर्णय नं.४:**

हाल सञ्चालनमा आएको नगर अस्पताल र अन्य स्वास्थ्य संस्थामा अत्यावश्यक औषधि अभाव हुन नदिनको लागि नगरपालिका स्वास्थ्य शाखा अन्तरगत अत्यावश्यक औषधि खरिद शीर्षकमा विनियोजन भएको रकम मध्ये औषधि खरिद सम्बन्धी ठेक्का स्वीकृत भइ (घटाघटबाट बाँकी रहेको) बचत रकमबाट भुक्तानी दिने गरी यस अघि खरिद कार्यमा न्यूनतम दररेट पेश गर्ने आपूर्ति कर्ताबाट साविक बमोजिमको स्वीकृत दररेटमा तोकिए बमोजिमका औषधि खरिद गर्ने व्यवस्था मिलाउने।

**निर्णय नं.५:**

नगरप्रमुख उत्कृष्ट कृषक छनौट तथा सम्मान कार्यक्रम सम्बन्धमा सूचना आह्वान गरेकोमा न्यून संख्यामा आवेदन परेकोले पुनः १५ दिनको म्याद दिई सूचना प्रकाशन गर्ने।

**निर्णय नं.६:**

चालु आ.ब.मा सार्वजनिक सुनुवाइ कार्यक्रम दुई पटक गर्ने गरी कार्यक्रम सञ्चालन/सहजीकरण गर्न ईच्छुक संस्था/फर्महरुसँग प्रस्तावना माग गर्ने।

**निर्णय नं.७:**

(क) यस नगरपालिका भित्रका विद्यालयका विद्यार्थी संख्या, शिक्षक दरबन्दी मिलान, विद्यालय समायोजन तथा शिक्षक परिचालनको खाका तयार गर्न, शैक्षिक गुणस्तर विकाससँग सम्बन्धित योजना निर्माण, विद्यार्थी संख्या बृद्धिका सम्भाव्यता अध्ययन तथा खोजी गर्न र नगरपालिकाको समग्र शिक्षा क्षेत्रको सुधार योजनाको सुझाब सहित अध्ययन प्रतिवेदन पेश गर्न सामाजिक विकास समितिका संयोजकको संयोजकत्वमा ५ सदस्यीय एक अध्ययन कार्यदल गठन गर्ने। सम्बन्धित पदाधिकारीलाई आवश्यकतानुसार बैठकमा आमन्त्रण गर्न सकिने। मिति २०८३ बैसाख ५ गतेसम्म प्रतिवेदन पेश गर्ने। कार्यालय समय बाहेकको समयमा बैठक वसेको अवस्थामा नियमानुसार बैठक भत्ता उपलब्ध गराउने। शिक्षा, युवा तथा खेलकूद शाखाले आवश्यक व्यवस्थापकीय सहयोग गर्ने।

अध्ययन कार्यदलः

| | |
|---|---|
| श्री बलराम पराजुली | -संयोजक |
| श्री गोविन्द चिलुवाल | -सदस्य |
| श्री मोहनलाल श्रेष्ठ | -सदस्य |
| श्री देउ बहादुर पौडेल | -सदस्य |
| श्री सोचना लौडारी | -सदस्य |

(ख) संघीय सशर्त शिक्षा तर्फको तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान खर्च शीर्षक नं. २६४१२ नेपाल सरकारको श्रोत तर्फको विनियोजन भएको रकम रु ३१,८०,०००/- स्वास्थ्य तर्फ CBIMNCI कार्यक्रम (कार्यक्रम समीक्षा, स्थलगत अनुशिक्षण) तर्फ सुत्रमा प्रविष्ट भएकोले तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान निकासा दिन समस्या भएको, कार्यक्रम संशोधन प्रयास भइरहेकोले साविक बमोजिमकै खर्च शीर्षकबाट भुक्तानी दिने।

(ग) यस नगरपालिकाका जनप्रतिनिधि, कार्यालयका कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीका सन्ततिहरुलाई सामुदायिक विद्यालयमा अध्ययन गराउन विशेष अनुरोध गर्ने।

खड्ग बहादुर गुरुङ
नगर प्रमुख

प्रमाणित

**निर्णय नं.८:**

ठेक्का नं. RAINAS/NLB/W/06/081-082 टिमुरे बोराङखोला सडक आयोजनामा सडक मापदण्ड भित्र घर टहरा भएको, नगरपालिका र जग्गा धनी बीच भएका बारम्बारको घरटहरा भत्काउने प्रयास सफल हुन नसकेको, थप कार्य गर्न साइट उपलब्ध गराउन सक्ने स्थिति नरहेको, आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य प्रयोग/सञ्चालनमा आएको, हालसम्मको भौतिक प्रगति ८७.७२% मात्र रहेको, उल्लिखित कार्य सम्पन्न गर्न सकेको अबस्थामा ९०% भन्दा बढी पुग्न जाने देखिएकोले हालसम्म भएको कार्यलाई स्वीकार गरी ठेक्का फरफारक गर्ने ।

**निर्णय नं.९:**

यस नगरपालिका कार्यालयको स्वीकृत दरबन्दी अनुसार कार्यरत कर्मचारीहरुले खाइपाइ आएको तलव स्केल अनुसारको तलबी प्रतिवेदन पारित गर्ने।

**निर्णय नं.१०: (विविध)**

(क) कल्लेरी- भाटगाँउ- गन्दर्भ गाउँ– सुब्बा चोक-अम्मल डाँडा सडक स्तरोन्नति कार्य टेन्डरबाट कार्यान्वयन गरिएकोमा लागत अनुमान तयार गर्ने क्रममा बजेट अभावका क्रममा दुई वटा घुम्तीहरू बीचको केही खण्ड छुट हुन गएको र उक्त सडक अत्याधिक महत्वको सडक भएको हुँदा सो खण्ड (करिब २० मि.) कन्टिन्जेन्सीबाट खर्च गर्ने गरी कार्यान्वयन गर्ने।

(ख) यस आ.ब.को स्वीकृत योजना तथा कार्यक्रम उपशीर्षक नं ८०४३४०३१०१ तर्फ कृषि सडक भिरकुना र खोरभञ्याङ वडा नं. ३ र ९ साझेदारी योजना सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कार्यान्वयन गर्ने ।

(ग) वडा नं. ९ र १० मा स्थानीय विद्युत उपभोक्ता समितिबाट विद्युत व्यवस्थापन तथा महसुल उठाउने कार्य गर्दै आएको जानकारीमा रहेकोले उक्त स्थानमा विद्युत प्राधिकरण मातहतबाट नै सञ्चालन गर्न आवश्यक प्रकृयामा जान उक्त उपभोक्ता समितिलाई निर्देशन गर्ने ।

(घ) राइनास बृहत खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वडा नं. १० ले पेश गरेको कागजात तथा राइनास नगरपालिका जलश्रोतको उपयोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७८ बमोजिम प्रकृया पुरा गरेकोले जलश्रोत मुहान दर्ता प्रमाण पत्र प्रदान गर्ने ।

(ङ) नगर कार्यपालिकाको मिति २०८२।०९।२५ को निर्णय नं.२ मा मेयर कप सञ्चालन तर्फ प्यारजुङ युथ क्लब, रा.न.पा.१० हुनु पर्नेमा अन्यथा भएकोमा सच्याइएको छ ।

(च) डिग फर नेपाल, काठमाडौंको आयोजनामा स्थानीय उत्पादन तथा मौलिक परिकार मेला २०८३/०८४ १५ महिनासम्म सञ्चालनमा रहने र सो मेलामा यस नगरपालिकामा उत्पादन भएका स्थानीय उत्पादनको प्रचार प्रसारको लागि हाललाई ३ महिनाको लागि १ स्टल बुक गर्न सम्झौता गर्ने ।

(छ) स्वरोजगार कार्यक्रम अन्तर्गत आन्तरिक बाटो मर्मत तर्फ विनियोजित रु ४ लाख ४८ हजार प्रत्येक वडाहरुलाई ४४ हजार ८ सयका दरले बाँडफाँड गरी स्वरोजगार कार्यक्रम कार्यविधि अनुसार वडाका आन्तरिक सडक सरसफाइ गर्ने ।

(ज) राइनास नगरपालिका वडा नं ६ निवासी रामदेवी लौडारीको मिति २०८२।११।२८ को हावाहुरी सहितको वर्षा तथा चट्याङको कारण घरको विद्युत वाइरिङ र पसलमा क्षति पुगेकोले विपद् कोषबाट रु १० हजार आर्थिक सहायता उपलब्ध गराउने ।

(झ) गौलिटार क्षेत्रिय खेल मैदान समितिबाट पेश भएको पाँचौ राइनास कप खुल्ला फूटवल प्रतियोगिताको लागि विनियोजित रकम भुक्तानी दिने ।

खड्ग बहादुर गुरुङ
प्रमुख